बैठक संख्या:१६५

आज मिति २०८१/०७/२८ गते बुधवार बिहान ११:३० बजे यस गजुरी गाउँपलिका, धादिङ्गका अध्यक्ष श्री गणेश लाल श्रेष्ठज्यूको अध्यक्षता तथा तपशिल बमोजिमको कार्यपलिका सदस्य ज्यूहरुको उपस्थितिमा गाउँपालिका कार्यालय, गजुरीमा सम्पन्न गाउँकार्यपालिका बैठकमा देहायको विषयमा छलफल गरि निम्न निर्णय गरियो ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गणेश लाल श्रेष्ठ | अध्यक्ष | |
| २ | श्री शर्मिला विशुराल | उपाध्यक्ष | |
| ३ | श्री तारानाथ भण्डारी | वडा अध्यक्ष | |
| ४ | श्री द्रोण कर्डेल | वडा अध्यक्ष | |
| ५ | श्री ऋषिलाल श्रेष्ठ | वडा अध्यक्ष | |
| ६ | श्री सुरेन्द्र प्रजा | वडा अध्यक्ष | |
| ७ | श्री गोविन्द लामिछाने | वडा अध्यक्ष | |
| ८ | श्री भक्त बहादुर तामाङ | वडा अध्यक्ष | |
| ९ | श्री बद्री प्रसाद जम्मकट्टेल | वडा अध्यक्ष | |
| १० | श्री देवराज ओझा | वडा अध्यक्ष | |
| ११ | श्री आयुष प्रजा | कार्यपालिका सदस्य | |
| १२ | श्री सनक बहादुर प्रजा | कार्यपालिका सदस्य | |
| १३ | श्री मैयाँ डल्लाकोटी | कार्यपालिका सदस्य | |
| १४ | श्री गंगा श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री तारा लामा | कार्यपालिका सदस्य | तारा |
| १६ | श्री फुलमाया तामाङ | कार्यपालिका सदस्य | |
| १७ | श्री राजु अधिकारी | सचिव | |

प्रस्तावहरुः

१. विपद् व्यवस्थापन सम्बन्धमा बागमती प्रदेश सरकार तथा संघीय सरकारबाट प्राप्त अनुदान कार्यान्वयन सम्बन्धमा ।

२. विपद् प्रभावित लाभग्राहिको सत्यापन परिक्षणका लागि वडा स्तरीय अनुगमन समिति गठन तथा परिचालन सम्बन्धमा ।

३. पुर्ण रुपमा आवास क्षति भएकाहरुको लागि राहत उपलब्ध गराउने सम्बन्धमा ।

४. गृहेणी महिला कार्यक्रमका लागि प्रतिबद्धता सम्बन्धमा ।

५. अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रमका लागि प्रतिबद्धता सम्बन्धमा ।

६. उपचार सहायता तथा उपचार खर्च भुक्तानी अनुमोदन सम्बन्धमा ।

७. वडा नं २ स्थित तुदिखोलामा अवरुद्ध सडक संचालन सम्बन्धमा ।

८. खेलाडी सम्मान रकम उपलब्ध गराउने सम्बन्धमा ।

९. आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।

१०. स्वास्थ्य सेवामा करार कर्मचारी भर्ना सम्बन्धमा ।

११. नेपाली सेनाको शिवदल गणका लागि सहयोग सम्बन्धमा ।

१२. मौलिक कला संस्कृति प्रवर्द्धन कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

१३. जुनतारा विद्यालयका लागि शैक्षिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।

१४. रेडियो बिहानी ९७.६ मेघाहर्जसंग कार्यक्रम सम्झौता सम्बन्धमा ।

१५. आदर्श माविको शौचालय निर्माणका लागि बजेट व्यवस्थापन सम्बन्धमा ।

१६. नेपाल चेपाङ संघको न्वागि विशेष कार्यक्रमको लागि रकम सहयोग सम्बन्धमा ।

१७. सुन्दरगाउँ बरेछाप नाला निर्माणका लागि बजेट व्यवस्थापन सम्बन्धमा ।

१८. सडक बोर्ड नेपालबाट प्रस्तावित सडक आयोजनाको लागि सडक सिफारिस तथा लागत सहभागिता सम्बन्धमा ।

१९. वडा नं ६ को विपद् व्यवस्थापनका लागि रकम व्यवस्थापन सम्बन्धमा ।

२०. निर्णयहरु

१. विपद् व्यवस्थापन सम्बन्धमा बागमती प्रदेश सरकार तथा संघीय सरकारबाट प्राप्त अनुदान कार्यान्वयन सम्बन्धमा ।

प्रस्ताव नं १ मा भएको छलफलबाट असोज ११ र १२ गते परेको अविरल बर्षाको कारणले भएको क्षतिको पुनर्स्थापनाका लागि बागमती प्रदेश सरकार तथा संघीय सरकारबाट क्रमशः१५ लाख तथा ५० लाख गरि जम्मा ६५ लाख बजेट निकासा सुनिश्चितता भएकाले उक्त रकम खर्चका लागि प्राप्त निर्देशन , प्रचलित कार्यविधि तथा अन्य मापदण्डका आधारमा रहि खर्च गर्ने निर्णय गरियो ।साथै प्राप्त रकम मध्येबाट विपत्

ग्याबिन बक्स, सिमेन्ट तथा पाइप लगायतका निर्माणजन्य सामाग्रीहरु तथा अन्य अत्यावश्यकीय सामाग्रीहरु खरिद गरि उपलब्ध गराउने निर्णय समेत गरियो ।

२. विपद् प्रभावित लाभग्राहिको सत्यापन परिक्षणका लागि वडा स्तरीय अनुगमन समिति गठन तथा परिचालन सम्बन्धमा ।

प्रस्ताव नं २ मा भएको छलफलबाट असोज १०, ११ तथा १२ गते परेको अविरल वर्षाको कारणले भएको क्षतिको सम्बन्धमा यस गाउँपालिका तथा वडा कार्यालयहरु मार्फत् संकलित तथ्याङ्कको सत्यापन एकिन गर्नका लागि देहाय बमोजिम स्थलगत अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।साथै समितिले मिति २०८१ मंसिर ५ गतेभित्रमा आफ्नो प्रतिवेदन पेश गरिसक्नुपर्ने समेत निर्णय गरियो ।

देहायः

| सि नं | वडा नं | अनुगमन समिति सदस्यहरु | कैफियत |
|---|---|---|---|
| १ | १ | • श्री तारानाथ भण्डारी<br>• श्री देवराज ओझा<br>• श्री सनक ब प्रजा<br>• श्री गोपाल शर्मा<br>• श्री रबिना दाहाल | |
| २ | २ | • श्री द्रोण कर्डेल<br>• श्री सुरेन्द्र प्रजा<br>• श्री आयुष प्रजा<br>• श्री ज्ञान नारायण श्रेष्ठ<br>• श्री पवित्रा रेग्मी | |
| ३ | ३ | • श्री ऋषिलाल श्रेष्ठ<br>• श्री भक्त ब तामाङ<br>• श्री फुलमाया तामाङ<br>• श्री ज्ञान नारायण श्रेष्ठ<br>• श्री विवेक भण्डारी | |
| ४ | ४ | • श्री सुरेन्द्र प्रजा<br>• श्री द्रोण कर्डेल | |

निर्णय प्रतिलिपि
२०८१।०८।०६
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | • श्री आयुष प्रजा<br>• श्री ज्ञान नारायण श्रेष्ठ<br>• श्री ईश्वर भुजेल | |
| ५ | ५ | • श्री गोविन्द लामिछाने<br>• श्री बद्रि प्रसाद जम्कटेल<br>• श्री गंगा श्रेष्ठ<br>• श्री सरिता ढकाल<br>• श्री श्याम ब श्रेष्ठ | |
| ६ | ६ | • श्री भक्त ब तामाङ<br>• श्री ऋषिलाल श्रेष्ठ<br>• श्री फुलमाया तामाङ<br>• श्री गोपाल शर्मा<br>• श्री ज्ञान ब खत्री | |
| ७ | ७ | • श्री बद्रि प्रसाद जम्कटेल<br>• श्री गोविन्द लामिछाने<br>• श्री गंगा श्रेष्ठ<br>• श्री सन्तोष रिमाल<br>• श्री सरस्वती उपाध्याय | |
| ८ | ८ | • श्री देवराज ओझा<br>• श्री तारानाथ भण्डारी<br>• श्री सनक ब प्रजा<br>• श्री सन्तोष रिमाल<br>• श्री बलराम रम्तेल | |

३. पुर्ण रुपमा आवास क्षति भएकाहरुको लागि राहत उपलब्ध गराउने सम्वन्धमा ।

प्रस्ताव नं ३ मा भएको छलफलबाट अविरल वर्षाको कारणले निजि आवास पुर्ण रुपमा क्षति भएको तथा बस्नका लागि अर्को आवास नभएकोहरुको हकमा संघीय सरकारकै मापदण्ड बमोजिम कार्यान्वयन हुने गरि अधिकतम ५० हजार बराबरको सहायता उपलब्ध गराउने निर्णय गरियो ।

४. गृहणी महिला सशक्तिकरण कार्यक्रमका लागि प्रतिबद्धता सम्वन्धमा ।

२०८१/०६/२४

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं ४ मा भएको छलफलबाट बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट कार्यान्वयन हुने गृहेणी महिला सशक्ति करण कार्यक्रमका लागि कार्यक्रम कार्यान्वयन प्रतिबद्धता गर्ने निर्णय गरियो ।

५. अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रमका लागि प्रतिबद्धता सम्वन्धमा ।

प्रस्ताव नं ५ मा भएको छलफलबाट बागमती प्रदेश, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालयको बार्षिक कार्यक्रम अन्तर्गत प्रदेश भित्रका स्थानीय तहमा कार्यक्रमको कार्यन्वयनको लागि प्रस्ताव माग भएकोमा उक्त कार्यक्रमको बमोजिम पालिकालाई अनिवार्य तथा निशुल्क शिक्षा घोषणा गर्ने प्रतिवद्दतासहित प्रस्ताव पेस गर्ने निर्णय गरियो ।

६. उपचार सहायता तथा उपचार खर्च भुक्तानी अनुमोदन सम्वन्धमा ।

प्रस्ताव नं ६ मा भएको छलफलबाट गजुरी गापा १ का वडा अध्यक्ष श्री तारानाथ भण्डारीको स्वास्थ्य उपचारका लागि भएको खर्च रु २८०००। वरावरको सुविधा गाउँपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो । साथै गापा उपाध्यक्ष श्री शर्मिला विसुरालले गत समयमा स्वास्थ्य उपचार गरि भुक्तान लिएको रु ५२ हजार बराबरको रकम समर्थन तथा खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

७. वडा नं २ स्थित तुदिखोलामा अवरुद्ध सडक संचालन सम्वन्धमा ।

प्रस्ताव नं ७ मा भएको छलफलबाट गजुरी गापा २ स्थित तुदीकिनारमा गत असोज ११ र १२ को अविरल वर्षाको कारणले भएको सडक अवरुद्ध हटाउन लाग्ने अनुमानित खर्च रु ८० हजार विपद् व्यवस्थापन कोष बाट खर्च व्यहोर्ने गरि अवरुद्ध सडक खुलाउने निर्णय गरियो ।

८. खेलाडी सम्मान रकम उपलब्ध गराउने सम्वन्धमा ।

प्रस्ताव नं ८ मा भएको छलफलबाट मिति २०८१/४/२६ देखि भदौ १ सम्म श्रीलंकाको बदुल्ला शहरमा नेपाल, भारतलगायत ८ ओटा देशहरु बीच भएको कराँते (कुमिते ) खेल प्रतियोगितामा यस पालिकाबाट सहभागी भई पदक हासिल गर्ने देहायका खेलाडीहरु तथा प्रशिक्षकलाई जनहि २५ हजारका दरले पुरस्कार रकम उपलब्ध गराउने निर्णय गरियो ।

देहाय

| क.स | खेलाडी /प्रशिक्षकको नाम | ठेगाना | सहभागी विधा | हासिल गरेको पदक | खेल संचालन भएको देश |
|---|---|---|---|---|---|

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत
२०८१/०६/१०

| | | | | | |
|---|---|---|---|---|---|
| १. | आर्नव रेग्मी | गजुरी - ६, आदमघाट | कुमिते | स्वर्ण पदक | श्रीलंका |
| २. | नियन श्रेष्ठ | गजुरी - ६, आदमघाट | कुमिते | स्वर्ण पदक | श्रीलंका |
| ३. | संदेश श्रेष्ठ | गजुरी - ६, आदमघाट | कुमिते | स्वर्ण पदक | श्रीलंका |
| ४. | अन्जन श्रेष्ठ | गजुरी - ६, आदमघाट | कुमिते | स्वर्ण पदक | श्रीलंका |
| ५. | रोनित श्रेष्ठ | गजुरी - ६, आदमघाट | कुमिते | स्वर्ण पदक | श्रीलंका |
| ६. | सनिस श्रेष्ठ | गजुरी - ६, आदमघाट | कुमिते | कास्य पदक | श्रीलंका |
| ७. | रमेश अधिकारी | गजुरी - ६, आदमघाट | | प्रशिक्षक | श्रीलंका |

९. आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं ९ मा भएको छलफलबाट गजुरी गापा वडा नं २ बस्ने ठाकुर सिं तामाङ मुटु सम्बन्धी समस्याको कारण लामो समयदेखि उपचारत रहेकोमा निजको आर्थिक अवस्था कमजोर भएकाले निजको उपचारमा रु २० हजार सहायता उपलब्ध गराउने निर्णय गरियो ।

१०. स्वास्थ्य सेवामा करार कर्मचारी भर्ना सम्बन्धमा ।

प्रस्ताव नं १० मा भएको छलफलबाट गजुरी गाउँपालिकाको विभिन्न स्वास्थ्य इकाइमा पारामेडिक तथा नर्सिङ तर्फका विभिन्न जनशक्ति रिक्त रहि सेवा प्रवाहमा असहजता भएको तथा कतिपय सन्दर्भमा अत्यावश्यक सेवा प्रवाह समेत रोकिएको भन्ने गुनासो आएकोले करार सेवामार्फत पदपुर्ति हुनेपर्ने गरि हाल रिक्त रहेका स्वास्थ्य सेवातर्फका कर्मचारी भर्ना गर्दा दरखास्त अवधि ७ (सात) दिन मात्रै कायम गरि शिघ्र विधि मार्फत जनशक्ति व्यवस्था गर्न प्रपअ लाई निर्देशन दिने निर्णय गरियो ।

११. नेपाली सेनाको शिवदल गणका लागि सहयोग सम्बन्धमा ।

प्रस्ताव नं ११ मा भएको छलफलवाट नेपाली सेनाको गजुरी स्थित शिवदल गणले ब्यारेक हाताभित्र निर्माण गर्न लागेको पक्कि संरचनाका लागि ढुङ्गा उपलब्ध गराइदिन अनुरोध गरेकोमा

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत
२०८०/०६/३०

११. नेपाली सेनाको शिवदल गणका लागि सहयोग सम्बन्धमा ।

प्रस्ताव नं ११ मा भएको छलफलबाट नेपाली सेनाको गजुरी स्थित शिवदल गणले ब्यारेक हाताभित्र निर्माण गर्न लागेको पक्कि संरचनाका लागि ढुङ्गा उपलब्ध गराइदिन अनुरोध गरेकोमा अधिकतम एकलाख रकम बराबरको ढुङ्गाजन्य निर्माण सामाग्री उपलब्ध गराउने निर्णय गरियो ।

१२. मौलिक कला संस्कृति प्रवर्द्धन कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

प्रस्ताव नं. १२ उपर छलफल गर्दा गजुरी गाउँपालिका वडा नं. १ स्थित नेवा: दय् दबू संस्थालाई नेवार जातिको भाषा, बाजा र लोकसंस्कृति संरक्षण कार्यक्रमका लागि आर्थिक वर्ष २०८१।८२ को वार्षिक स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत शिर्षक नं. १०५, मौलिक कला संस्कृति प्रवर्द्धन कार्यक्रमबाट अनुदान स्वरुप रु. ३,००,०००/- (अक्षरेपी तिन लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

१३. जुनतारा विद्यालयका लागि शैक्षिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं १३ मा भएको छलफलबाट गजुरी गापा ७ भालुखोप स्थित श्री जुनतारा आधारभूत विद्यालयबाट शैक्षिक सुधारका लागि रु २ लाख बराबरको कार्यक्रम माग भइ आएकाले उक्त कार्यक्रम समर्थन गर्दै गाउँपालिकासंग अध्यक्ष कार्यक्रम शिर्षकबाट रु २ लाख रकम उपलब्ध गराउने निर्णय गरियो ।

१४. रेडियो बिहानी ९७.६ मेघाहर्जसंग कार्यक्रम सम्झौता सम्बन्धमा ।

प्रस्ताव नं १४ मा भएको छलफलबाट रेडियो बिहानी ९७.६ मेघाहर्जले गजुरी कृषि सरोकार कार्यक्रम संचालनका लागि प्रस्ताव पेश गरेकोमा उक्त संस्थासंग रेडियो पत्रिका अनलाइन शिर्षकबाट रु १ लाख ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

१५. आदर्श माविको शौचालय निर्माणका लागि बजेट व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं १५ मा भएको छलफलबाट गजुरी गापा १ स्थित आदर्श माविको शौचालय जीर्ण भएकोले सो स्थानमा शौचालय व्यवस्थापनका लागि स्रोत व्यवस्थापन गरि १० लाख रकम उपलब्ध गराउने निर्णय गरियो ।

१६. नेपाल चेपाङ संघको न्वागि विशेष कार्यक्रमको लागि रकम सहयोग सम्बन्धमा ।

प्रस्ताव नं १६ मा भएको छलफलबाट नेपाल चेपाङ संघले आयोजना गरेको न्वागि विशेष कार्यक्रम २०८१ मा भएको खर्च व्यवस्थापनका लागि गाउँपालिकासंग अध्यक्ष कार्यक्रम शिर्षकबाट रु १ लाख ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

१७. सुन्दरगाउँ वरेछाप नाला निर्माणका लागि बजेट व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव न १७ मा भएको छलफलबाट सुन्दर गाउँ वरेछापमा सडक नाला निर्माणको लागि आवश्यक सामाग्री व्यवस्थापनका लागि गाउँपालिका संग अध्यक्ष कार्यक्रम शिर्षकबाट अधिकतम रु ४ लाख ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

२०८१/०६/२८

राजु अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

१८.	सडक बोर्ड नेपालबाट प्रस्तावित सडक आयोजनाको लागि सडक सिफारिस तथा लागत सहभागिता सम्बन्धमा ।

प्रस्ताव नं १८ मा भएको छलफलबाट सडक बोर्ड नेपालबाट प्रस्ताव भइ आएको सडक मर्मतका लागि गजुरी गापा ६ स्थित जरे रिमालटार पुकुन सडक सिफारिस गरि पठाउने तथा नियमानुसार २० प्रतिशत लागत साझेदारीता प्रतिबद्धता गर्ने निर्णय गरियो ।

१९.	वडा नं ६ को विपद् व्यवस्थापनका लागि रकम व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं १९ मा भएको छलफलबाट गजुरी गापा ६ ले गत समयमा विपद्जन्य परिस्थितिमा वितरण गरेको राहत सामाग्रिको रकम भुक्तान बाँकि रहेकोमा विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरि रकम भुक्तान गर्ने निर्णय गरियो ।

...राजु अधिकारी
...प्रशासकीय अधिकृत